Asian Federation Against Involuntary Disappearances (AFAD)
Rms 310-311, Philippine Social Science Center, Commonwealth Ave., Brgy Central, Diliman, Quezon City
Telefax: 00-632-4546759 Telephone Number 00-632-4566434Mobile 00-63-9177924058
AFAD Email afad@surfshop.net.ph website www.afad-online.org

**प्रेश बिज्ञप्ती**
# जबर्जस्ती बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय दिवस
**३० अगस्ट २०१७**

## यो जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अन्त्य गर्ने समय हो

मानवजातिको इतिहासमा कोशेढुंगा दस्तावेजका रूपमा रहेको मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को डिसेम्बर १० मा फ्रान्सको पेरिसस्थित पलाइ दे शैलोबाट सार्वजनिक भएको ६९ वर्ष बितिसकेको छ । तैपनि संसारले अझै जबर्जस्ती बेपत्ता जस्तो जघन्य मानवअधिकार उल्लंघनबाट आफूलाई मुक्त गराउन सकेको छैन । २०१६ सम्म संयुक्त राष्ट्रसंघले विभिन्न देशका ४३,२५० वटा मुद्दाको अध्ययन गरिरहेको छ । यो वास्तविक मुद्दा संख्याभन्दा निकै कम आँकडा हो किनकि बेपत्ताका धेरै घटनाहरूमा विविध कारणले उजुरी भएका छैनन् ।

आतंकवादविरुद्धको विश्वव्यापी युद्ध, लागूऔषधविरुद्धको लडाईं र मानवअधिकारका लागि भएका संघर्षमाथि सैन्य कारवाहीका कारण जबर्जस्ती बेपत्ताको यो स्थिति संकटकै तहमा पुगिरहेको छ । क्षेत्रीय प्रवृत्तिमा आधारित रही एसियन फेडेरेसन अगेन्स्ट इन्भोलुन्टेरी डिसअपीयरेन्सेस (अफाद) ले जबर्जस्ती बेपत्ताको स्थिति रहेका देशको दुईवटा वर्ग पहिचान गरेको छ : उच्च जोखिममा रहेका मुलुक जहाँ जबर्जस्ती बेपत्ता कायमै छ वा फेरि पनि हुने सम्भावना छ (बंगलादेश, पाकिस्तान, भारतप्रशासित जम्मु कश्मीर अनि फिलिपिन्स) र कमदेखि मध्यम जोखिममा रहेका मुलुक जहाँ निकट विगतमा जबर्जस्ती बेपत्ताका घटना हुन्थे र जहाँ संक्रमणकालीन न्याय विद्यमान छ (श्रीलंका, नेपाल, इन्डोनेसिया, टिमोर-लेस्टे, लाओस, दक्षिण कोरिया) । जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले जबर्जस्ती बेपत्ता निरन्तर अपराधका रूपमा पहिचान गरेको कुरामा विचार गर्नु महत्त्वपूर्ण छ ।

अफादका सदस्य संस्थाहरूमध्ये दक्षिण एसियामा जबर्जस्ती बेपत्ताका सबभन्दा ठूलो संख्या छ । पाकिस्तानको डिफेन्स अफ ह्युमन राइट्स नामक संस्थाले जुन २०१७ सम्म २,४४५ मुद्दाको अभिलेखीकरण गरेको छ जसमध्ये १,२७६ पीडितहरू अझै बेपत्ता छन्, ३१६ जना भेटिएका र रिहा भएका छन्, १५२ को स्थिति पत्ता लागेको छ र ५१ जना मरेका छन् । ओधिकार बंगलादेशले २०१७ को जनवरीदेखि जुनसम्म गरेको अभिलेखीकरणमा ५७ व्यक्तिहरूलाई सरकारी बलले र १४ जनालाई भारतीय सीमा सुरक्षा बलले जबर्जस्ती बेपत्ता बनाएको देखाउँछ । भारतप्रशासित जम्मु कश्मीरमा १९८९ मा शुरु भएको सशस्त्र विद्रोहको बहानामा भारतले गरेको भारी सैन्य कारवाहीको परिणामस्वरूप आठ हजारजना बेपत्ता पारिएका छन् ।

तीस वर्षसम्म गृहयुद्ध चलेको श्रीलंकाले सबभन्दा बढी पीडा बेहोरेको छ जहाँ कम्तीमा ६० हजार बेपत्ताका घटना छन् । अनि बेपत्ता परिवारहरू सत्य र न्यायको पुकार गरिरहेका छन् । आन्तरिक द्वन्द्वबाट उठेको नेपाल पनि श्रीलंकाजस्तै संक्रमणकालीन न्यायको प्रक्रियामा छ र त्यहाँ करीब १३ सय मुद्दाहरू रहेका छन् । पीडितहरू अझै पनि हात पर्न गाह्रो सत्य र न्यायका लागि पुकारिरहेका छन् ।

फिलिपिन्समा १९७० को दशकमा रहेको मार्कोस तानाशाहीदेखि शुरु भई त्यसपछिका प्रशासनहरूसम्म आइपुग्दा दुई हजारभन्दा बढी घटना छन् । सुहार्तोको शासनकालमा १९६५ देखि १९६६ सम्म इन्डोनेसियाले ३२,७७४ जनालाई जबर्जस्ती बेपत्ता बनाएको थियो अनि इन्डोनेसियाले आचेह प्रान्त कब्जा गर्ने क्रममा १९७५ देखि १९९९ सम्म १८,६०० जनालाई बेपत्ता बनाएको थियो । फेरि पछि १९८९ देखि १९९८ सम्म आचेह प्रान्तमा भएका सैन्य कारवाहीका कारण १,९३५ जना बेपत्ता बनाइएका थिए । १९८४ देखि २०१३ सम्म इन्डोनेसियाको कोन्त्रास संस्थाले १५४ मुद्दा अभिलेखीकरण गरेको छ । दक्षिण कोरियामा ६४ वटा घटना अभिलेखीकरण गरिएका छन् र तिनलाई जबर्जस्ती वा अस्वैच्छिक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूहमा प्रतिवेदन गरिएका छन् । ती दक्षिण कोरियालीहरूलाई उत्तर कोरियाका अधिकारीहरूले अपहरण गरेका हुन् र उनीहरूको स्थिति अज्ञात नै छ । लाओसमा पाँच नयाँ घटना छन् जसमा अन्तर्राष्ट्रिय रूपमा प्रशंसित विकास कार्यकर्ता सोम्बत सोम्फोन पनि पर्दछन् । उनलाई डिसेम्बर २०१२ मा गरिएको बेपत्ता प्रहरीको सीसीटीभी क्यामराबाट प्रस्ट भएको छ ।

हामीहरू यो जघन्य अभ्यास दोस्रो विश्वयुद्धताका हिटलरको शासनकालमा नाजी शासकले १९४१ मा घोषणा गरेको राति र कुहिरो आदेशमा पाउँछौं । युद्धका बेलामा नाजी शासनका लागि जोखिम ठानिएका व्यक्तिहरूलाई अपहरण गरिन्थ्यो,

जर्मनीमा ल्याइन्थ्यो र सैन्य अदालतमा पुर्पक्ष गरिन्थ्यो । उनीहरूलाई यातना शिविरमा मर्नका लागि ल्याइन्थ्यो वा मृत्युदण्ड दिइन्थ्यो । यो रणनीतिले पर्याप्त डर उत्पन्न गर्न नसकेको थाहा पाएपछि हिटलरले पीडितहरूलाई उनीहरूको देशबाट राति कुहिरो लागेको बेलामा गोप्य रूपमा अपहरण गर्न लगाई प्रतिकार आन्दोलनमाथिको दमनलाई तीव्र बनायो । त्यस्ता मानिसको स्थितिलाई परिवारबाट जानाजान लुकाइयो र पछि उनीहरूलाई सदाका लागि बेपत्ता बनाइयो ।

२००६ मा संयुक्त राष्ट्रसंघले जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका रूपमा एक बाध्यकारी सन्धि ग्रहण गर्‍यो । यो महासन्धिले व्यापक र सुनियोजित रूपमा गरिएको बेपत्तालाई मानवताविरुद्धको अपराध घोषणा गर्‍यो र यसलाई राज्यका अधिकारीले वा राज्यको सम्मतिमा गरिएको कुनै व्यक्तिको इच्छाविपरीत उसको स्वतन्त्रताको हरणलाई स्वीकार गर्न नमान्ने अनि उसको र बेपत्ता पारिएको व्यक्तिको स्थिति वा स्थानलाई लुकाउने कार्य भनी परिभाषित गरेको छ । आजका मितिसम्म कार्यान्वयन त परै जाओस्, महासन्धिको विश्वव्यापी ग्रहण समेत हुन सकेको छैन । ९६ देशले यसमा हस्ताक्षर गरेका छन् अनि ५७ देश यसका पक्षराष्ट्र छन् ।

जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धि पुरानो र प्रणालीगत अभ्यासविरुद्धको तुलनात्मक रूपमा नयाँ संयन्त्र हो । जबर्जस्ती बेपत्ताको यो अभ्यासले अनेक किसिमका मानवअधिकारको उल्लंघन गराउँछ जुन परिवार, समुदाय र बृहत्तर समाजसम्म फैलिन्छ । महासन्धि यो अभ्यासविरुद्धको निवारकका रूपमा रहन्छ किनकि यसले पक्षराष्ट्रहरूलाई जबर्जस्ती बेपत्तालाई फौजदारी अपराध बनाउनका लागि संयन्त्र निर्माण गर्न बाध्य बनाउँछ । यो प्रावधानको एक अंगका रूपमा राष्ट्रिय कानूनमा यस कसूरलाई समावेश गर्ने काम पनि पर्छ । त्यसैकारण पक्षराष्ट्रहरूले जानकारी दिइएका र अभिलेखीकरण गरिएका घटनामा अनुसन्धान गर्न, बेपत्ताको परिस्थितिको सत्यतथ्य र पीडितहरूको स्थिति थाहा पाउन, पीडकलाई न्यायको कठघरामा उभ्याउन र पीडितहरूले परिपूरण पाएको सुनिश्चित गर्न महासन्धिले दायित्व दिन्छ । महासन्धिले प्रस्ट रूपमा अनिवार्य विश्वव्यापी क्षेत्राधिकारको पनि व्यवस्था गरेको छ ।

बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसमा हामीहरू एकचोटि फेरि सबै एसियाली राज्यहरूलाई महासन्धि कार्यान्वयन गर्नका लागि आह्वान गर्छौं । हामी महासन्धिको पक्षराष्ट्र नरहेका बंगलादेश, भारत, इन्डोनेसिया, लाओस, नेपाल, पाकिस्तान, फिलिपिन्स, थाइल्यान्ड, टिमोर-लेस्टे तथा अन्य सबै एसियाली र अन्य मुलुकलाई महासन्धिमा सम्मिलित हुन र कुनै विलम्बविना यस महत्त्वपूर्ण सन्धिको पक्षराष्ट्र बन्न तत्कालै आह्वान गर्छौं । जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिमा हस्ताक्षर, पक्षराष्ट्र, सम्मिलन र कार्यान्वयन गर्नु पृथिवीबाटै जबर्जस्ती बेपत्तालाई अन्त्य गराउने प्रमुख अन्तर्राष्ट्रिय प्रतिबद्धता हो । बेपत्ताको अभ्यासलाई फौजदारी अपराध बनाउन अनि पीडकहरूलाई दण्ड दिनका लागि कानून बनाउने कदमले जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिको पक्षराष्ट्र बन्ने कामलाई पछ्याउनुपर्ने हुन्छ ।

संसारमा बेपत्ता पारिएका सबै व्यक्तिलाई सम्मान दिनका लागि अफाद र यसका सबै सदस्य संस्थाहरूले एसियाली तथा अन्य मुलुकहरूको ढोकामा ढक्ढक्याइरहनेछन् ताकि जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धि, जसका प्रावधानहरू बेपत्ता पारिएका व्यक्तिको परिवारका वास्तविक जीवनकथाबाट उत्पन्न भएको हो, त्यस महासन्धिका सबै देश पक्षराष्ट्र हुने र त्यसलाई कार्यान्वयन गर्ने स्थिति आओस् । बेपत्ता पारिएका व्यक्तिहरूप्रति यो नै हाम्रो सबभन्दा उचित सम्मान हो र उनीहरूलाई हामी कहिल्यै बिर्सने छैनौं । फेरि यस्तो नदोहोरिओस् ।

**हस्ताक्षरकर्ता**

**खुरंम परवेज**
अध्यक्ष

**मेरी आइलीन डी. बकाल्सो**
महासचिव